# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र


**खण्डः ५** **संख्याः २७** **कार्यपालिकाबाट पारित मितिः २०७९।०९।२९**

**प्रमाणिकरणः२०७९।१०।०४**

**प्रकाशन मितिः २०७९।१०।०६**


## भाग-२

## ठाकुरबाबा नगरपालिका

### ठाकुरबाबा नगर स्वास्थ्य नीति २०७९

### खण्ड १

## परिचय

**१. पृष्ठभूमि**

निशुल्क आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक स्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा नेपालको संबिधानले स्थापित गरिसकेको अवस्था छ। संबिधानको कार्य बिस्तृतीकरणमा उल्लेख भए अनुसार ठाकुरबाबा नगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य,पोषण तथा सरसफाई सेवामा समान पहुँच र उपभोग सुनिश्चित गर्दै संघीय संरचनामा सुशासन सहित गुणस्तरिय आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्नु ठाकुरबाबा नगरपालिकाको दायित्व हो ।स्वास्थ्य क्षेत्रको विकास नै समग्र विकास भएकोले स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरुलाई विकासका प्रमुख सुचकका रुपमा लिइन्छ। मानव विकास सूचकाङ्कमा सुधार ल्याई पालिकाको समग्र विकासका लागि गुण्स्तरीय तथा प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्न नगरपालिकाले आवस्यकता महशुस गरेको छ।

कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद व्यवस्थापन तत्काल गर्नु, नगरपालिका भित्र हुने नवजात शिशु तथा मातृ मृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु यस नगरपालिकाले जिम्मेवारी बोध गरेको छ।

आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवामा नगरवासीहरुको समान पहुँच स्थापित गर्ने सँगै संघीय संरचनामा स्वास्थ्य सेवा प्रणालीको विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई

ठाकुरबाबा नगर स्वास्थ्य नीति २०७९

सहि किसिमले सम्बोधन गरेर नगरबासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न **ठाकुरबाबा नगर स्वास्थ्य नीति,२०७९** लागु गरिएको छ ।

## १.२. नगरपालिकाको बर्तमान अवस्था

बर्दिया जिल्लाको कुल जनसंख्यामा करिव ११ % जनसंख्या बसोबास गर्ने यस नगरपालिकामा ६१ % भन्दा बढि जनसंख्या जनजातिको रहेको छ । यस नगरपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न१ आधारभूत नगर अस्पताल, ४ स्वास्थ्य चौकी, ५ आधारभुत स्वास्थ्य सेवा केन्द, २९ गाँउघर क्लिनिक, १ नागरिक आरोग्य केन्द्र, ३० खोप क्लिनिक, ८३ जना महिला स्वास्थ्य स्वयम् सेविका छन् । यस नगरपालिका अर्न्तगत २ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधन तथा प्रसुती सेवा उपलब्ध छ । यस्तै गरी यस पालिका भित्र बिभिन्न किसिमका निजी स्वास्थ्य संस्थाहरुले सेवा प्रदान गर्दै आएको भएतापनि सुचिकृत निजी स्वास्थ्य संस्थाहरु हालसम्म जम्मा ४ वटा रहेका छन् । आ.व. २०७७।७८ मा DHIS-2 मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस नगरपालिकामा ५९.७ % बिरामीले बहिरंग सेवा लिएका थिए । यस नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ३८ जना स्वास्थ्यकर्मि द्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ । स्वास्थ्यकर्मि र जनसंख्याको अनुपात हेर्दा ४२५२ जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा ६१४ जनसंख्यालाई १ जना महिला स्वास्थ्य स्वयं सेविका हुन आउँछ । त्यस्तै गरी सिकलसेल एनिमियाका बिरामीहरु पनि रहेको यस पालिकामा बालविवाह, किशोरावस्थामा विवाह गर्ने तथा कम उमेरमा गर्भवति हुने संख्या पनि उच्च रहेको छ ।

ठाकुरबाबा नगरपालिकाको विगत ३ वर्षको स्वास्थ्यको केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय तथा प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | ठाकुरबाबा नगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७५/७६ | २०७६/७७ | | |
| १ | प्रथम पटक गर्भजाँच गराउने महिलाको प्रतिशत (कुनैपनि बेला) | | | | ६४.३ | ६७.७ | | |
| २ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६७.३ | | ५२.३ | ५२.६ | ९० | |
| ३ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | | | ३४.८ | ३९ | ९० | |
| ४ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | ४८ | १६.३ | १५.८ | १८.१ | ६० | |
| ५ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९.४ | ५१.२ | ५०.३ | ४६.३ | ९० | |
| ६ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ६७ | ५९.६ | ८१.७ | | |
| ७ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | २.१ | ३.१ | ६.८ | | |
| ८ | दक्ष स्वास्थ्यकर्मिवाट सुत्केरी सेवा पाउने महिलाको प्रतिशत | | | ३८.० | ३६.० | ४०.३ | | |

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्क NDHS 2016 | ठाकुरबाबा नगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७७/७८ | २०७५/७६ | २०७६/७७ | | |
| ९ | १५-१९ वर्ष उमेरका किशोरीमध्ये बच्चा जन्माइसकेका वा पहिलोपटक गर्भवती भइसकेकाको संख्या | | | २०१ | १९० | २१४ | | |

माथि उल्लेखित तथ्यांक हेर्दा  भौगोलिक, सामाजिक, साँस्कृतिक तथा आर्थिक विविधता युक्त यस नगरपालिकामा सिकलसेल एनेमिया, थालासेमिया जस्ता बिशेष प्रकृतिका रोगहरुका साथैक्षयरोग, कुष्ठरोग, एच.आई.भि संक्रमितहरुको संख्या उल्लेख्य देखिन्छ । पछिल्लो समयमा आरामदायी जीवनशैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक बिषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्दो छ । नगरपालिका मातहतमा रहेका बिभिन्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार तथा उपकरण र औषधि  तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ। एकिकृत स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन गरी सोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवश्यक रहेको छ भने निजी तहबाट सन्चालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरु सँग हातेमालो गर्नु जरुरी छ ।

माथिका प्रायः सुचकहरुमा नेपालले उल्लेखनीय सफलता हाँसिल गरिसकेको भएतापनि राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कको अनुपातमा  स्वास्थ्यको गुणस्तर,पहुँच र उपभोगमा बृद्धि गरी जनअपेक्षा अनुसार स्वास्थ्य सेवा प्रवाह गर्नका लागि नगरपालिकाले थप कार्य गर्न आवस्यक देखिएको छ ।

### १.३. चुनौतीहरु

- स्वास्थ्य नै विकासको प्रमुख मुद्दा हो भन्ने विषयमा  नेतृत्वतह तथा सरोकारवालाहरु साझा धारणा बन्न नसक्नु चुनौतिपूर्ण रहेको छ ।
- विभिन्न विषयगत, तहगत तथा अन्य प्रशासनिक निकायहरु विचको प्रभावकारी समन्वय, स्वास्थ्यमा गर्नुपर्ने लगानीको समान बुझाइ, व्यवहारमा संघीय प्रणाली अनुसार परिवर्तन गर्नु गराउनु यस पालिकाको स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।
- शैक्षिक तथा चेतनाको स्तर न्यून रहनु, भौगोलिक असहजता, भौतिक पूर्वाधार, सडक, विजुली, टेलिफोन, शुद्ध तथा पर्याप्त खानेपानीको ब्यवस्था कम भएकाले समुचित व्यवस्था गर्न चुनौतिपूर्ण छ ।
- दुरदराजका  नगरवासीलाई उचित मुल्यमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ
- निःशुल्क आधारभूत स्वास्थ्य सम्बन्धि अधिकारलाई स्थापित तथा कार्यन्वयन गर्न र आकस्मिक स्वास्थ्य सेवाको बिस्तार र बिकास गरि पहुँच बृद्धि गर्ने कार्य नगरपालिका परिवेशमा चुनौतिपूर्ण रहेको छ ।
- परम्परागत गुरुवा, धामी, झाँक्रीको अभ्यासलाई आधुनिक चिकित्सा पद्दतीको बाटोका हिडाउनका लागि परम्परागत सोचका नागरिकहरुको विश्वास जित्न चुनौति छ ।

### १.४ अवसरहरु

- संविधान प्रदत्त हक अधिकारलाई मनन् गर्दै नगरपालिका भित्रका सामाजिक, साँस्कृतिक तथा भौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सकिने ।
- नगरपालिका भित्र स्वास्थ्य  सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैह्र सरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्न सकिने ।

- एकिकृत सूचना प्रणालीको स्थापना गरी सूचनाको सहि प्रयोग गर्न सकिनुका साथै स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा बृद्धि गर्न सकिने ।
- राजनीतिक परिवर्तन र संघियताको सन्दर्भमा स्थानीय स्तरबाटै स्रोत परिचालन र अनुगमन गर्न सकिने ।
- संविधान प्रदत्त एकल तथा साझा अधिकारका सुचि विस्तृतिकरण भई स्पष्ट रुपमा स्थानिय स्वास्थ्य सेवाको जिम्मेवारी स्थानिय तहमा रहनु ।
- राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा स्वास्थ्य सेवालाई सवैको पहुँच तथा  गुणस्तर बनाउने कुरामा जोड दिइएको अवस्था ।
- सर्वसाधारण नागरिकमा स्वास्थ्यको महत्व बारे जनचेतना बढ्दै गएको अवस्था ।

## १.४ स्वास्थ्य नीति निर्माण प्रक्रिया

यो स्वास्थ्य नीति नगरभित्र रहेका विद्यमान स्वास्थ्य समस्याहरु र ती समस्याहरुलाई सम्बोधन गर्ने नगर क्षमताको लेखाजोखा गरी तथ्यांकको आधारमा तयार गरिएको छ । यसका लागि नगरपालिका र मातहतका कार्यालयमा रहेका विवरणहरु र तथ्यांकहरु संकलन गरी अध्ययन गरियो । नीति निर्माणमा सवैको सहभागिता गराउने ध्येयले सम्बद्ध सरोकारवालाहरुसंग छुट्टाछुट्टै तथा सामुहिक छलफल तथा अन्तरक्रिया गरी सल्लाह तथा सुझावहरु संकलन गरियो । नगरका स्वास्थ्य सम्बन्धि तथ्यहरु सरोकारवालाहरुबाट प्राप्त सुझावहरुको आधारमा नै यो नीति तर्जुमा गरिएको छ । पहिलो चरणमा नगरभित्रका स्वास्थ्यकर्मीहरु, ज्येष्ठ नागरिकहरु, महिला समूहका प्रतिनिधिहरु किशोर किशोरी र वालवालिकाहरु अपांगता भएका व्यक्तिहरुका प्रतिनिधिसंग छुट्टाछुट्टै छलफल गरी आवश्यकता पहिचान गरियो । पहिचान भएका आवश्यकताहरुका  आधारमा नगर स्वास्थ्य नीतिको मस्यौदा तयार गरी नगरका स्वास्थ्य विज्ञहरु, स्वास्थ्यकर्मीहरु, जनप्रतिनिधहरुहरुलाई वितरण गरियो । सवै सरोकारवालाहरुले दिएका सुझावहरुको आधारमा नीतिलाई थप परिमार्जन गरी अन्तिम रुप दिइएको छ ।

## ४. नगरपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

### ४.१. औचित्य

केही दशक यता स्वास्थ्य क्षेत्रले हाँसिल गरेका महत्वपुर्ण उपलब्धिहरूको रक्षा गर्दै विद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरीकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचना अनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्व अनुरूप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ । नगरपालिकाको प्राथमिकता अनुकुल हुने गरी स्वास्थ्य सेवालाई सुदृढीकरण गर्दै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्न लागि नगरपालिकाले स्वास्थ्य नीति प्रतिपादन गर्न अपरिहार्य छ ।

### ४.२. निर्देशक सिद्धान्त

माथि व्याख्या गरिएका चुनौति तथा औचित्यका आधारमा नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति तय गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा नगरपालिकाको स्वास्थ्य नीति, २०७९ को कार्यान्वयन गरिनेछ ।

१ मौलिक अधिकारको रुपमा आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवाको सर्वव्यापी पहुँच

२. सामाजिक न्यायको आधारमा समतामूलक स्वास्थ्य सेवा

३. अन्तर सरकारी तथा बहुक्षेत्रीय सहभागिता, समन्वय र सहकार्य मार्फत जनउत्तरदायी स्वास्थ्य सेवा

४. तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यबस्थापन

५. सुशासन, जवाफदेहिता र पेशागत आचरण प्रति प्रतिबद्धता

६.मौलिक तथा पम्परागत पद्धतीको संरक्षण र प्रवर्धनका साथै औषधिजन्य जडिवुटीको खोज अनुसन्धान

७. स्वास्थ्य प्रवर्धन, संरक्षण, सुधार र पुर्नस्थापना

८. स्वास्थ्य सेवामा नवीनता तथा सृजनशीलता

### ४.३ भावी सोच (Vision)

ठाकुरबाबा नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ४.४ ध्येय (Mission )

संघ तथा प्रदेश सरकार,क्षेत्रगत सरोकारवाला,स्वास्थ्य सेवा प्रदायक र सेवाग्राही बीच समन्वय तथा रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ४.५ लक्ष्य (Goal)

नगरपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

### ४.६. उद्देश्यहरू (Objectives)

- नगरबासीलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धि अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने
- नगरपालिका मातहतका सबै स्वास्थ्यसंस्थाहरुबाट आवश्यक सेवा तथा पूर्वाधार, औषधि , औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।
- प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।
- स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।
- स्वास्थ्य सेवा प्रवाहमा सरकारी नीजि, बहुपक्षीय सहकार्य, साझेदारी तथा प्रभावकारी जनसहभागिता प्रवर्धन गर्ने

## ५. नीतिहरु

ठाकुरबाबा नगरपालिकाको भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

५.१ सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ ।

५.२ नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिनेछ ।

५.३ .न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।

५.४ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।

५.५. नसर्ने रोग तथा मानसिक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।

५.६ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक,

प्रबर्द्धनात्मक,उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अबलम्बन गरिने छ ।

५.७ नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै ( स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ ।

५.८ नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।

५.९ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ।

५.१० स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।

५.११ नगरबासीको .स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ।

५.१२ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपत्कालिन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा विशेष योजना बनाइ स्वास्थ्य सेवा परिचालन गरिने छ ।

५.१३ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिने छ।

५.१४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र व्यवस्थापन गरी नगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।

५.१५ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ।

५.१६ नगरबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिने छ।

५.१७ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ।

५.१८ आकष्मिक सेवा तथा प्रेषण सेवालाई चुष्त दुरुष्त बनाउन आबस्यक कदम चालिनेछ।

## ६. नीति अर्न्तगत रणनीतिहरु

**नीति :१ सर्वब्यापी पहुँचको अवधारणा अनुसार नगरवासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिने छ।**

१.१ यस नगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछन । भुगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ।

१.२ स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ।

१.३ समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन स्वास्थ्य स्वयंसेवक, स्वास्थ्य आमा समूह जस्ता मानव संसाधनको व्यबस्था साथै घुम्ती स्वास्थ्य शिविर र गाउँघर क्लिनिक जस्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाईनेछ।

१.४ संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक औषधी उपकरणहरुको व्यवस्थापन गरिनेछ।

१..५ तोकिए बमोजिमका आकस्मिक स्वास्थ्य सेवा सबै तहका स्वास्थ्य संस्थाहरुबाट नियमित प्रवाह हुने व्यवस्था मिलाइनेछ। नगरपालिकाको तोकिएका स्वास्थ्य संस्था तथा प्रसुती केन्द्ररुबाट २४ घण्टा आकस्मिक सेवा प्रवाह हुनेछ॥

१.६ नगरपालिका र स्थानीय स्वास्थ्य संस्थाको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ।

**नीति २.नगरपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सहजीकरण गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ।**

ठाकुरबाबा नगर स्वास्थ्य नीति २०७९

२.१ संघीय तथा लुम्बिनी प्रदेश सरकारसंग समन्वय गरी नगरपालिकामा १५ शैयाको अस्पताल स्थापना गरिनेछ ।

२.२ नगरपालिका भित्रका साबिकका स्वास्थ्य संस्थाहरुको स्तरोन्ती गरी विशेषज्ञ सेवा विस्तार गरि निदान तथा उपचार पद्दती सुदृढ गरिने छ ।

२.३ नगरपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायीक स्वास्थ्य इकाइ, प्रसूति केन्द्र तथा . सामुदायिक नर्स मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

२.४ नाक, कान, घाँटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ ।

२.५ नगरपालिकाका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।

**नीति ३. न्यूनतम सेवा मापदण्ड (Minimum service standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

३.१ नगरपालिका भित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।

३.२ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु नगरपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ

३.३ नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण, बितरण, नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरिनेछ ।

३.४ नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरिनेछ ।

**नीति ४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईनेछ ।**

४.१ स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग समानञ्जस्यता हुने गरि स्वास्थ्य क्षेत्रमा सुशासन तथा आन्तरिक नियन्त्रणको लागि आवस्यक नियम,निर्देशिका वा कार्यविधि तयार गरी लागू गरिने छ ।

४.२ सामाजिक परिक्षण, नागरीक बडापत्र, सार्बजनिक सुनुवाईका साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरिनेछ ।

४.३ पालिका स्तरिय स्वास्थ्य समिति तथा स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरिनेछ ।

४.४ स्वास्थ्य संग सम्बन्धित राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था, दातृ निकायहरु तथा नीजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिनेछ ।

४.५ नगरपालिकाको स्वास्थ्य क्षेत्रमा सुशासन कायम राख्न आवश्यक पहल गरिनेछ ।

**नीति ५ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्येसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुत्साहित गरी स्वस्थकर जीवनयापन गर्न प्रोत्साहन र प्रवद्र्धन गरिने छ ।**

५.१ स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग

केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरिनेछ

५.२ मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता

दीर्घ रोगहरुको रोकथाम र ब्यवस्थापन लागि Package of Essesntial Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरिने छ।

५.३ मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ।

५.४ लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरिनेछ।

**नीति ६ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप, परिवार नियोजन, किशोरावस्था लगायतका प्रतिकारात्मक,प्रबर्द्धनात्मक, उपचारात्मक स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याउने रणनीति अवलम्बन गरिने छ।**

६.१ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

६.२ राष्ट्रिय तथा प्रादेशिक लक्ष अनुसार यस नगरपालिकाका हरेक वडाहरुमा हाल संचालित सुरक्षित मातृत्व, बाल स्वास्थ्य, पोषण संग सम्बन्धीत कार्यक्रमलाई वडा संग समन्वय गरी प्रभाबकारी रुपले संचालन गर्ने ब्यबस्था मिलाइने छ।

६.३ आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै नगरपालिकातहको आधारभुत अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरीनेछ।

६.४ बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरीनेछ।

६.५ सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ। लैंगिक पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरीनेछ।

६.६ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरीनेछ।

६.७ नगरपालिकाका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ।

६.८ स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा) डिवर्मिङ, स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ।

६.९ मातृमृत्यु दर, नवजात शिशु मृत्युदर र बालमृत्युदर जस्ता महत्वपूर्ण सुचकाङ्कहरुमा आधारित लक्षहरु तय गरि आवधिक कार्ययोजनाहरु तयार गरि लागू गरिनेछ।

६.१० सामुदायीक स्वास्थ्य इकाइ तथा आधारभूत स्वास्थ्य केन्द्रहरुबाट प्रवाह हुने सेवालाई बृद्धि गरी सरसफाई प्रबर्द्धन, स्वस्थ व्यवहार प्रबर्द्धन, तथा स्वास्थ्य प्रदर्शनीको रुपमा बिस्तार गरिनेछ।

६.११ प्रसुती केन्दहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसुती केन्द्रहरूमा आमाघर तथा स्तर अनुसार नवजात शिशु कर्नर ( Stablization center, Specialsized Newborn Care Unit, / Newborn Intensive Care Unit) को सुबिधा उपलब्ध गराइनेछ।

**नीति ७ नगरपालिका भित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरु बिस्तार गर्दै (स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन, अनुसन्धान) स्वास्थ्य उपकरण र पुर्वाधारको समुचित व्यवस्था मिलाईनेछ।**

७.१ नगरपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा खानेपानी, सरसफाई, बिजुली (वैकल्पिक व्यवस्था सहित), इन्टरनेट सेवा, मापदण्ड अनुसार फोहोरमैला बिसर्जन सेवाको व्यवस्था गरिने छ ।

७.२ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन आवस्यकता अनुरुप सामुदायिक स्वास्थ्य ईकाई, प्रसुती केन्द्र,आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरुमा सेवाको बिस्तार गर्ने व्यवस्था मिलाईने छ । साथै प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पुर्वाधार, उपकरण, कर्मचारी आवासको राष्ट्रिय मापदण्ड अनुसार क्रमागत रुपमा व्यवस्था गरिने छ

७.३ स्वास्थ्य सेवामा काम गर्ने सम्पूर्ण कर्मचारीहरुलाई आफ्नो काम कर्तव्यप्रति थप जिम्मेवार बनाउनका लागी नतिजामुखि कार्य विवरण तयार गरि लागु गरिनेछ ।

७.४ नगरपालिकामा मेडिकल स्टोर, कोल्डचेन रुम, बायोमेडिकल इन्जिनियरीङ प्रयोगशाला, क्षयरोग MDR होस्टेल लाई क्रमशः स्थापना गरि ब्यवस्थित रुपमा संचालन गरिनेछ ।

७.५ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्धनका लागि नमुना गाउँ, नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पताल, नमुना स्वास्थ्यकर्मी अभियान शुरुगरि क्रमागत रुपमा बिस्तार गरिने छ ।

७.६ नया संरचना अनुरूपको आपूर्ति व्यवस्थापन प्रणाली विकास गरि विशेष गरि निःशुल्क औषधी, खोप तथा खोप जन्य सामाग्री, परिवार नियोजनका साधनहरू, रेबिज भ्याक्सिन, सर्प दंश भेनम, एच.आइ.भी, क्षयकुष्ठ आदि रोगहरूको औषधीको प्रभावकारी सप्लाइ चेन व्यवस्थापन गरिनेछ ।

**नीति ८ नगरपालिका भित्र उपलब्ध जडीवुटीको सदुपयोग गर्दै आयुर्वेद लगायतका अन्य वैकल्पिक चिकित्सकीय प्रणालीलाई व्यवस्थित गरिनेछ ।**

८.१ राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरीनेछ ।

८.२ आधारभूत आयुर्वेद एंव बैकल्पिक चिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरीने छ ।

८.३ वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ ।

८.४ प्रचलित तथा परम्परागत चिकित्सा सेवाहरूलाई निश्चित मापदण्डका आधारमा सूचीकृत, व्यवस्थित तथा नियमन गरिनेछ ।

८.५ नगरपालिकामा उपलब्ध हुने जडिबुटीहरुलाई विशेष योजना बनाई उत्पादनमा बृद्धि गर्दै व्यवसायिक गर्दै लगिनेछ । अनिधिकृत रुपमा जडिवुटीको बेचबिखन पूर्ण रुपमा निस्तेज गर्दै, नगरपालिकाको पहलमा बिक्रि बितरणको व्यवस्था मिलाईनेछ ।

८.६ यस नगरपालिकामा आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीलाई विस्तार गर्ने रणनीति अवलम्बन गरिनेछ ।

**नीति ९ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।**

९.१ नियमित रुपमा प्रचलित स्वास्थ्य सम्बन्धि सुचना प्रणालीलाई समयमा नै पूर्ण रुपमा सम्पन्न गर्ने प्रबन्ध मिलाईनेछ ।

९.२ प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गरीनेछ ।

९.३ तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।

९.४ नगरपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा ल्याउने तथा बार्षिक ,आवाधिक योजना निर्माणका साथै मध्यकालिन खर्च संरचना तयार गरी समिक्षा गर्ने संस्कारको विकास गरीने छ ।

९.५ संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वयन गरिनेछ ।

९.६ स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न नगरपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वयन गरिनेछ ।

**नीति १० स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको ब्यवस्थापन गरिनेछ ।**

१०.१ स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तब्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीने छ ।

१०.२ स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य कर्मिको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरिनेछ ।

१०.३ स्वास्थ्य सेवालाई नगरपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा संगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।

११.४ स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ .।

११.५ आवस्यकता अनुसार थप स्वास्थ्य जनशक्तिको परिचालन गरी तिनिहरुको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरिनेछ ।

११.६ महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरिनेछ ।

**नीति ११ नगरबासीको .स्वास्थ्य बीमा सुनिश्चित गरि लक्षित बर्गको स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिने छ ।**

११.१ स्वास्थ्य बीमाको दायरा बढाइ नगरपालिकाका सबै नागरिकको स्वास्थ्य बीमामा आबद्ध गराइनेछ ।

११.२ संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाइ थप प्रभावकारी बनाउदै लगिनेछ ।

११.३ अति गरीब, विपन्न,पिछडिएका तथा सिमान्तकृत समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।

११.४ व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै व्यवसायीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरिनेछ ।

**नीति १२ सरुवा रोग, संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण तथा आकस्मिक र आपतकालीन अवस्था र महामारी नियन्त्रण जस्ता कार्यका लागि स्थानीय तहसँगको समन्वयमा विशेष योजना बनाइ स्वास्थ्य सेवा परिचालन गरिने छ ।**

१२.१ संक्रामक रोगहरुको रोकथाम, नियन्त्रण र निवारण गर्ने सम्बन्धी कार्यक्रम कार्यान्वनयनको अनुगमन गरी सोको प्रभावकारी रुपमा संचालन गरिने छ ।

१२.२ समयमै रोगको पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु संचालन गरिनेछ । क्षयरोग, कुष्ठरोग, HIV AIDS, जस्ता सरुवा रोगहरुको रोकथाम नियन्त्रण निवारण र उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ ।

१२.३ खोपबाट गर्न सकिने रोगहरुको रोकथाम नियन्त्रणका तथा निवारणका लागि निगरानी

कार्यलाई निरन्तरता दिई पूर्णखोप सुनिश्चित नगरपालिका कायम राखिनेछ ।

१२.४ सुचिकृत रोगहरुको सुचित गर्ने पद्धती (Notification System) विकास गरी कार्यान्वयन गरिनेछ ।

१२.५ नगरपालिका विपत व्यवस्थापन पूर्वतयारी योजना बनाई कार्यान्वयन गरिनेछ ।

१२.६ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटना जस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ र नगरपालिका भित्रका रणनितिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामाग्रीको जगेडा को रूपमा राखिनेछ

१२.७ नगरपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स एवं सब बाहन् सेवालाई निर्देशिका एवं मापदण्ड तयार गरी व्यवस्थित तरिकाले संचालन गर्ने व्यवस्था मिलाईने छ। यसको उपलब्धता बढाउनुका साथै शुल्कमा नियमन गरिने छ।

१२.८ नगरपालिका तथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली तथा अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ। विपद व्यवस्थापन, जोखिम नियुनिकरण, स्वास्थ्य प्रर्वधन लगायतका समग्र स्वास्थ्य सेवामा नागरिक र समुदायको सकृय सहभागीता तथा योगदानलाई प्रोत्साहित गरिनेछ।

**नीति १३ सरकारी तथा निजी क्षेत्रबाट संचालित स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिने छ।**

१३.१ नगरपालिका भित्र सबै प्रणालीका उपचार सेवा(एलोपेथिक, आर्युवेदिक, प्राकृतिक तथा अन्य बैकल्पिक सेवा), निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाहरुको लागी नियमावली,मापदण्ड वा निर्देशिका बनाई सोही अनुसार दर्ता गर्ने, सञ्चालन अनुमति दिने तथा कानून बनाई नियमन गर्ने व्यवस्था मिलाइनेछ।

१३.२ लक्षित समूह तथा क्षेत्रमा स्वास्थ्य सेवाको गुणस्तरियता सुनिश्चित गर्न मापदण्डका आधारमा निजी तथा गैरसरकारी संघ संस्था सँग साझेदारी गरिनेछ।

१३.३ निजी क्षेत्रको व्यावसायिकता, कार्यकुशलता, उद्यमशीलता, प्राविधिक दक्षता एवं वित्तीय स्रोत लाई स्वास्थ्य सेवाको विकास तथा विस्तारमा उपयोग गदै, सामाजिक उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

१३.४ सेवामा दोहोरोपना हुन नदिन एकद्वार नीति अबलम्बन गरीने छ। सार्वजनिक तथा निजी क्षेत्रले आफ्नो प्रतिवेदन नियमित रुपमा पालिकामा पेश गर्ने व्यवस्था मिलाईने छ।

१३.५ स्वास्थ्य सेवामा गुणस्तरीयता सुचिश्चित गर्न सार्वजनिक तथा निजी क्षेत्रको साझेदारी र सहभागीताको अवधारणलाई थप प्रोत्साहित तथा व्यवस्थित गरिने छ।

१३.६. स्वास्थ्य उपलब्धि हासिल गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्नुका साथै बहुपक्षीय, दुईपक्षीय, तथा राष्ट्रिय, अन्तराष्ट्रिय, बहुक्षेत्रीय सहकार्यद्धारा विकास साझेदारहरुको सहयोगलाई प्रभावकारी ढंगबाट परिचालन गरिनेछ।

**नीति १४ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्साहान, प्रवर्द्धन र व्यवस्थापन गरी नगरवासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।**

१४.१ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिने छ। खुला दिशामुक्त नगरपालिकाबाट पूर्ण सरसफाई युक्त नगरपालिका बनाईनेछ र सोको दिगोपनाको योजना तयार गरी कार्यान्वयन गरिनेछ।

१४.२ नगरपालिका भित्र पानी, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरुसंग समन्वय गरी आवस्यक कानुन बनाई कार्यन्वयन तथा नियमन गरिनेछ।

१४.३ पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरीनेछ।

१४.४ सर्वब्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरीनेछ ।

१४.५ किटनाशक बिषादीको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरीनेछ ।

१४.६ पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी कार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि आवस्यक पहल गरिनेछ ।

**नीति : १५ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्न नगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।**

१५.१ नगरपालिकाको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।

१५.२ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक-निजी साझेदारी" रणनीति बनाई लागू गरीने छ ।

१५.३ निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।

१५.४ निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वाताबरणको सृजना गरीनेछ ।

१५.५ कम उमेरमा बिवाह गर्ने र कम उमेरमै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन सेनटिरी प्याड उपलब्ध गराइनेछ ।

१५.६ लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा गाउँ/नगरपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ ।

१५.७ सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिलाई निशुल्क स्वास्थ्य सेवा परिक्षणको व्यवस्था गरिनेछ ।

१५.८ नगरपालिकाले आबस्यकता अनुसार विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुसँग समन्वय र सहकार्य गरी अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु सञ्चालन तथा व्यवस्थापन गर्नेछ ।

**नीति १६ नगरबासीहरुको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक, पौष्टिक र स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थ उत्पादन, प्रयोग र पहुँचलाई बृद्धि गरिने छ ।**

१६.१ खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहसंग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा पत्रु खाना लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

१६.२ स्थानिय स्तरमा उत्पादन हुने (रैथाने) खाद्य पदार्थको येथेष्ट उत्पादन, उचित प्रयोग र पहुँचलाई बृद्धि गर्न बहुक्षेत्रिय सहकार्यलाई जोड दिई पोषण सम्बेदनशिल कृषि कार्यलाई व्यवस्थित तरीकाले बढावा दिइदै लगिनेछ । साथै प्रत्येक परिवारमा सुधारिएको करेशाबारी निर्माण गर्न र खानामा विविधीकरण अपनाई सुरक्षित तरिकाले उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

१६.३ पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान अपनाईनेछ ।

१६.४ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी प्रोत्साहन र सहुलियत जन्य कार्यक्रमहरु संचालनमा ल्याईनेछ ।

१६.५ बहु क्षेत्रीय पोषण कार्यक्रम, एकिकृत शिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रमलाई विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण पुर्नस्थापना केन्द्रहरू आवस्यकता अनुसार स्थापना गरिनेछ ।

१६.६ वडा समितिहरुसंग समन्वय र सहकार्य गरी खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ माछा, मासु तथा दुध उत्पादन बिक्रि बितरणको लागी नियमन गरिने छ । नगरपालिकाको नाकामा पशु स्वास्थ्य परिक्षणको व्यवस्था मिलाई स्वस्थ पशुलाई मात्र पालिका प्रवेश गर्ने वातावरण निर्माण गर्न पालिकालाई सहयोग गरि स्वस्थ्य मासु तथा दुधको प्रयोग सुनिश्चित गरिनेछ । कुनै पनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङ तथा उत्पादन समय किटानको व्यवस्था गरिने छ ।

१६.७ दुईबर्ष मुनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । महिला तथा बालबालिकाको पोषण अबस्था सुधारको लागी बिभिन्न निकाय सँग समन्वय तथा सहकार्य गरी पोषिलो परिकार तयार गर्ने सिप र प्रयोग गर्ने पद्धतीको विकास गर्दै लगिने छ ।

**नीति.१७ विभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।**

१७.१ क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरीनेछ ।

१७.२ रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु ज्स्तै मलेरिया, डेंगु, हात्तिपाइले, स्क्रब टाइफस, कालाजार आदी रोगहरुको प्रभावका आधारमा रोकथाम, नियन्त्रण र उपचारको लागि योजना बनाई सेवा बिस्तार गरिनेछ ।

१७.३ सिकलसेल तथा थालेसिमिया रोगको रोकथाम र निःशुल्क उपचारको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा आवस्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।

**नीति.१८ आकस्मिक सेवा तथा प्रेषण सेवालाई चुस्त दुरुस्त बनाउन आवश्यक कदम चालिनेछ ।**

१८.१ स्थानीय स्वास्थ्य संस्थाबाट विरामीहरुलाई प्रेषण गर्दा प्रेषण केन्द्रहरुसँग आवस्यक समन्वय गरिनेछ ।

१८.२ प्रेषण सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा "आकष्मिक चक्र कोष" को व्यवस्था गरिनेछ । अति बिपन्न, असहाय, पिछडिएका तथा बन्चितिकरणमा परेका समुह वा स्थानीय तहले तोके बमोजिमका समुहहरुबाट बिशेषतः गर्भवती तथा सुत्केरी महिला, नवजात शिशुको जीवन रक्षाको लागि उक्त कोषलाई आवस्यक कानुन बनाई परिचालन गरिनेछ ।

१८.३ प्रेषणका लागि नगरपालिका भित्र सरकारी, निजी, सामुदायीक रुपमा संचालन हुने एम्बुलेन्स वा अन्य द्रुत गतिका यातायातका साधनहरुको उपलब्धतालाई सुनिश्चित गरिनेछ ।

१८.४ स्वास्थ्यकर्मीहरुद्दारा प्रदान गरिने २४ सै घण्टा आकस्मिक सेवा तथा प्रेषण सेवालाई द्रुत र सहज बनाउन प्रसूति केन्द्रमा कार्यरत नर्सिङ् स्टाफहरुलाई गुणस्तरिय आवासको साथै आवस्यक सञ्चार खर्चको व्यवस्था मिलाइनेछ ।

ठाकुरबाबा नगर स्वास्थ्य नीति २०७९

**७. संस्थागत संरचना**

७.१. नीति कार्यान्वयनका लागि ठाकुरबाबा नगरपालिकाको नेतृत्वमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरु रहनेछन भने स्वास्थ्य सेवा प्रवाहका लागि विभिन्न स्वास्थ्य संस्थाहरु हुनेछन्। त्यसैगरी आधारभुत लगायत अन्य स्वास्थ्य सेवा प्रवाहका लागि नगरपालिका स्तरमा आधारभुत अस्पताल स्थापना गरिनेछ।

७.२ मानव संशाधन उत्पादन तथा विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने तथा क्षमता अभिवृद्धि गराउने निकायहरुसँग समन्वय गरिनेछ। स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवस्यकता अनुसार स्वास्थ्यका अन्य इकाईहरु स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ।

**८ .आर्थिक पक्ष**

यस नीतिको कार्यान्वयन मूलतः ठाकुरबाबा नगरपालिका सामाजकि विकास शाखाको नियमित बजेटबाट गरिनेछ। यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न नगरपालिकाका सवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ। नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ। यसका साथै यो नीति कार्यान्वयन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ।

**९.अनुगमन र मूल्यांकन**

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ। यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ। वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ। प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ।

**१०.नीति कार्यान्वयनको कार्ययोजना**

नीति कार्यान्वयनका लागि ठाकुरबाबा नगरपालिकाले आवश्यक ऐन,नियमावली, निर्देशिका, कार्यबिधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली, निर्देशिका तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताहरुलाई मनन् गरी नगरपालिकाले यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ। यही कार्यायोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गरिनेछ। वार्षिक योजना तथा मध्यकालिन खर्च संरचनाको आधारमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ।

**११.जोखिम**

राज्यको पुन:संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, नगरपालिका संस्थागत बिकासको चरणमा रहेको, सिमित साधन र स्रोत, नगरपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्र समग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामा यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरु प्राप्तिमा केही जोखिम हुन सक्छन्। यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरवासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गर्दै ठाकुरबाबा नगरपालिकाको स्वास्थ्य नीति २०७८ को प्रभाबकारी कार्यान्वयन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ।

**१२ समन्वय, अनुगमन र मूल्यांकन**

यो नीतिको कार्यन्वयनका लागि नगरपालिकाले प्रदेश तथा संघसँगको समन्वय र सहकार्यलाई मजबुत बनाउनु पर्छ। बिकास साझेदार, नीजि क्षेत्र र आम नागरिकको सहभागिता र सहकार्यलाई हरदम प्रोत्साहन गर्नुपर्ने हुन्छ। नगरपालिकाको कार्यकारी समिति तथा जनस्वास्थ्य महाशाखाले यो नीतिको कार्यान्वयनको लागि अनुगमन तथा मूल्यांकन कार्ययोजना नै बनाउनुपर्छ। नगरपालिकाका स्वास्थ्य सम्बन्धी वार्षिक कार्ययोजना यो नीति अनुसार भएको कुराको एकिन गर्नुपर्छ।

<u>आज्ञाले</u>

रामहरि रिजाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगर स्वास्थ्य नीति २०७८